बैठक संख्या : ७८ (अठहत्तर)

समय : दिउँसो

आज मिति २०७९ फाल्गुण ३० गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्यामकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रविन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री वाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत वहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिर मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ७८ औं कार्यपालिका बैठक (२०७९।११।३०)

**विषय सूची:**

१. जग्गाको कित्ताकाट शुल्क सम्बन्धमा
२. न्यायिक समितिको लागि कोठा भाडामा लिने सम्बन्धमा
३. शहरी स्वास्थ्य केन्द्रमा कार्यरत सफाईकर्मिको सुविधा सम्बन्धमा
४. स्वास्थ्य चौकीको ल्याब सम्बन्धमा
५. वडा नं.७ मा प्रहरी चौकी स्थापना सम्बन्धमा
६. आ.व.२०७९।०८० को योजनाको नाम संशोधन सम्बन्धमा
७. विविध

क) गत वर्षको भुक्तानी दिन छुटेका योजना सम्बन्धमा
ख) वडा नं. ११ को छापखोला खानेपानी सम्बन्धमा
ग) प्राविधिकको ल्याब समबन्धमा
घ) नुवाकोट बहिरा संघ सम्बन्धमा
ङ) विदुर न.पा.९, कोलनीमा रहेको सटर भाडा सम्बन्धमा
च) सुत्केरी अवस्थामा उपचारको क्रममा मृत्यू भएकी विदुर ५ की सरिता न्यौपानेबाट जयजन्म बालकको सम्बन्धमा।
छ) वडाको विविध शिर्षक खर्च सम्बन्धमा
ज) लेखा परीक्षक नियुक्ति सम्बन्धमा
झ) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना सम्बन्धमा
ञ) का.स को लागि बिज्ञापन सम्बन्धमा
ट) तिरतिरे भिरको संरक्षण सम्बन्धमा
ठ) गँगटे आपघारी सडक सम्बन्धमा

**निर्णयहरू**

**प्रस्ताव नं १ : जग्गाको कित्ताकाट शुल्क सम्बन्धमा**

**निर्णय नं १ :** भू-उपयोग नियमावली २०७९ को दफा ८ मा भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी व्यवस्था भएको र वर्गीकरण अनुसार विवरण वडा कार्यालयलाई पठाइसकेको र जग्गाको विवरण अनुसार कित्ताकाट गर्नु पर्ने भएको हुँदा तपसिलमा उल्लेखित जग्गाको वर्गीकरण अनुसार कित्ता काट शुल्क निर्धारण गर्न राजश्व परामर्श समितिबाट सिफारिस भइ आए बमोजिम अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

तपसिल

१. कृषि क्षेत्र
२. आवासिय क्षेत्र
३. व्यवसायिक क्षेत्र
४. औद्योगिक क्षेत्र
५. खानी तथा खनिज क्षेत्र
६. नदी, खोला, ताल सिमाना क्षेत्र
७. वन क्षेत्र

Scanned with CamScanner

८. सार्वजनिक उपयोग क्षेत्र
९. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र
१०. नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएको क्षेत्र

**प्रस्ताव नं २ : न्यायिक समितिको लागि कोठा भाडामा लिने सम्बन्धमा**

**निर्णय नं २ :** यस नगरपालिकाको न्यायिक समितिको लागि छुट्टै इजलास नबनेको र न्यायिक समितिको सम्पूर्ण कामकाज नगर उप-प्रमुखको कार्यकक्षबाटै हुने गरेको कारण सधै सेवाग्राहीको घुइचो हुने हुँदा इजलासको कामको लागि २ कोठा भाडामा लिने गरी प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**प्रस्ताव नं ३ : शहरी स्वास्थ्य केन्द्रमा कार्यरत सफाईकर्मिको सुविधा सम्बन्धमा**

**निर्णय नं ३ :** यस नगरपालिकाको विभिन्न मितिमा निर्णय गरी शहरी स्वास्थ्य केन्द्र र शहरी सामुदियक स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएको र सो केन्द्र व्यवस्थित तरिकाले सञ्चालन गर्नलाई प्रत्येक स्वास्थ्य केन्द्रमा सरसफाइको लागि रकम रू ५०,०००। वडा कार्यालयलाई उपलब्ध गराइएको र त्यसबाट वडाले नै सरसफाइकर्मी राखी काम गर्दै आएको हाल सम्म कार्यरत नै रहेको र रकम हाल सम्म निकासा नदिएको हुँदा वडा नं १, २, ३, ४, १०, ११ र १२ मा आ.व. २०७९।०८० के लागि रू ६०,०००। का दरले रकम निकासा दिने निर्णय गरियो।

**प्रस्ताव नं ४ : स्वास्थ्य चौकीको ल्याब व्यवस्थित रूपमा संचालन सम्बन्धमा**

**निर्णय नं ४ :** यस नगरपालिकाको ६ वटा स्वास्थ्य चौकीमा स्थायी ल्याब असिस्टेन्ट नियुक्ति गरी पठाएको र तुप्चे स्वास्थ्य चौकी बाहेक अन्य ५ वटा स्वास्थ्य चौकीमा ल्याब सञ्चालनमा रहेको भएतापनी व्यवस्थित तरिकाले सञ्चालन नभएको र ल्याबको लागि आवश्यक पर्ने सामाग्री खरिद गर्न स्रोत साधन नभएको अवस्थामा ल्याब सञ्चालनमा समस्या देखिएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ख) को ५ मा स्थानीय स्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरुको न्युनतम मूल्य निर्धारण, नियमन गर्ने व्यवस्था नगरपालिकाको रहेको हुनाले ल्याबको आम्दानी संचित कोषमा बाध्ने र आवश्यक सामाग्री खरिद गरी सम्पूर्ण ल्याब सञ्चालनको जिम्मा नगरपालिकाको हुने हुनाले तत्काल ल्याब सञ्चालन गर्न एक पटकको लागि स्वास्थ्य चौकीको हकमा रु. ५०,०००। र अन्य शहरी/सामुदायिक स्वास्थ्य केन्द्रको हकमा रू २५,०००। कों दरले नगरपालिकाले ल्याब सामाग्री तथा औजार मागको आधारमा खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं ५ : वडा नं. ७ मा प्रहरी चौकी स्थापना सम्बन्धमा**

**निर्णय नं ५** साविक तुप्चे गा.वि.स वडा नं २ हाल विदुर न.पा. वडा नं ७ त्रिशुली जलविद्युत केन्द्रको हेडगेट एरियाको सुरक्षार्थ रहको नेपाली सेनाको सुरक्षा पोष्ट हाल त्यँहाबाट हटेको र वि.न.पा १० र वि.न.पा ७ बीच भैसेमा पक्कि पुल बनी उक्त पुलबाट यातायातका साधानहरू अधिक मात्रामा आवतजावत गर्ने र विस्तारै उक्त क्षेत्र शहरीकरण तर्फ उन्मुख भइ विद्यालय, क्याम्पसहरू समेत सोही क्षेत्रमा खुलेको कारण सर्वसाधारणको सुरक्षाका लागि विदुर नगरपालिका वडा नं ७ अक्करेमा प्रहरी चौकी स्थापनाको लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**प्रस्ताव नं ६ : योजनाको नाम संशोधन सम्बन्धमा**

**निर्णय नं. ६** यस नगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत कार्यक्रम अन्तर्गत तपिसलमा उल्लेखित योजनाहरूको नाम संशोधन गरी अनुमोदन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

तपसिल

| सि.नं | साविक स्वीकृत कार्यक्रम | संशोधन भएका योजना कार्यक्रम |
|---|---|---|
| १ | नुवाकोट मेन सडक र बुढी देवता थानबाट भैरवी मन्दिर जाने बाटो सिढी तथा नाली निर्माण, विदुर २ | नुवाकोट मेन सडक चितुवाखोरबाट भैरवी मन्दिर जाने बाटो सिढी तथा नाली निर्माण, विदुर २ |
| २ | पाटीपानी कालिका स्थान सिढी बाटो निर्माण विदुर २ | पाटीपानी मालिका स्थान सिढी बाटो निर्माण, विदुर २ |
| ३ | संगमचोकबाट गौशीकुवा जाने सडक कालोपत्रे, विदुर २ | संगमचोकबाट गौशीकुवा जाने सडक स्तरोन्नती, विदुर २ |
| ४ | फेदीगाउ नया चौतारा सडक ढलान, विदुर १२ | नयाँ चौतारा देखि भदुवार सम्म जाने गोरेटो बाटो र पहिरो नियन्त्रण, विदुर १२ |
| ५ | हस्पिटल चोक देखि वडा कार्यालय सम्म जाने बाटो कालोपत्रे , वडा नं ८ | हस्पिटल चोक देखि वडा कार्यालय सम्म जाने बाटो सडक स्तरोन्नति (नाली तथा ग्रावेल) , वडा नं ८ |
| ६ | थुम्का चउर देखि संखादेवी मन्दिर सम्म जाने मोटर बाटो निर्माण, वडा नं ८ | थुम्का चउर देखि संखादेवी मन्दिर सम्म जाने सिढी बाटो निर्माण, वडा नं ८ |

**प्रस्ताव नं ७ विविध**

**निर्णय नं ७**

**क) गत वर्षको भुक्तानी छुटेका योजना सम्बन्धमा**

विदुर नगरपालिकामा आ.व. २०७८।०७९ मा कार्य सम्पन्न गरेको र भुक्तानी दिन बाँकी रहेको गत वर्षको भुक्तानी सूचिमा नाम समावेश नभएको यस आ.व.मा जिम्मेवारी नसरेको तपसिलमा उल्लेखित योजनाको बाँकी रकम गत वर्षको भुक्तानी दिने शीर्षकमा समावेश गराइ रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

- Digital LED Display (ANSHU ENTERPRISES ५,००,०००।)
- देविघाट शान्तिटोल कालोपत्रे सडक (सिकारू निर्माण सेवा १,८०,०००।)

**ख) वडा नं. ११ को छापखोला खानेपानी समबन्धमा**

साविक गेर्खु गा.वि.स वडा नं २ हाल विदुर नगरपालिका वडा नं ११ छापखोला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले सञ्चालन गरी स्थानीय बासिन्दालाई खानेपानी उपलब्ध गराइ राखेको र त्यस्तो प्रकृतिको योजना सञ्चालनमा ल्याउँदा विद्युत महशुल महंगो पर्ने र स्थानीय जनताबाट उठाएको रकमबाट मात्र सबै खर्च धान्न नसकि विद्युत प्राधिकरणले उक्त खानेपानी योजनाको लाईन काटिदिएको हुँदा एक पटकलाई उक्त योजनाको नामको विद्युत महसुल रू २,२४,५८०। नगरपालिकाले तिरिदिने प्रतिबद्धता गरी नेपाल विद्युत प्राधिकरण, नुवाकोटलाई पत्राचार गरेको हुँदा उल्लेखित रकम नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने निर्णय गरियो।

**ग) प्राविधिकको ल्याब समबन्धमा**

यस नगरपालिका अन्तर्गत निर्माण भएका योजनामा प्रयोग हुने निर्माण सामाग्रीको ल्याब परिक्षण गरी प्रयोग गरिरहेको पाइएकोले त्यस्ता सामागीको ल्याब परिक्षण गर्ने व्यवस्था मिलाउन र आवश्यक

Scanned with CamScanner

सामाग्रीको व्यवस्थापन लगायतको कार्यको लागि ल्याब संचालन गर्न प्राविधिक शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**घ) नुवाकोट वहिरा संघ सम्बन्धमा**

दृष्यात्मक माध्यमबाट वहिरा समुदायको सञ्चार, सेवा, सुविधा तथा सूचनामा पहुँच, सामाजिक सहभागिता एवं पहुँचका लागि सांस्कितक भाषा र दोभाषे सेवा पाउनु बहिरा नागरिकको नैसर्गिक अधिकार भएकोले उनीहरूको सञ्चार सहजीकरणका लागि नुवाकोट बहिरा संघलाई अन्य संस्था साझेदारी शीर्षक (३५३१५) बाट जम्मा रू १,२०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

**ङ) विदुर न.पा. ९ मा रहेको सटर भाडा सम्बन्धमा**

विदुर नगरपालिकाको स्वामित्वमा रहेको विदुर नगरपालिका अन्तर्गत वडा नं ९ कोलनीमा रहेको भवनको भाडा प्रयोगकर्तालाई १५ दिन भित्र भुक्तानी गर्न सूचना प्रकाशन गर्ने र कोठा भाडा भुक्तानीमा लागेको विलम्ब शुल्क चाहि मिनाह दिने र प्रत्येक महिनाको सटर भाड़ा समयमा नतिरे नियमानुसार लाग्ने जरिवाना लिने निर्ण गरियो । साथै उक्त ठाउँमा एक शौचालय निर्माण गर्न ल.इ गर्ने समेत निर्णय गरियो ।

**च) सुत्केरी अवस्थामा उपचारको क्रममा वडा नं.५ को मृत्यू भएका सरिता न्यौपानेबाट जयजन्म भएको बालकको सम्बन्धमा**

विदुर नगरपालिका वडा नं ५ पिपलटार निवासी सरिता न्यौपाने सुत्केरी अवस्थामा उपचारको क्रममा मृत्यु भएको र निजबाट जन्मेको नवजात शिशुको अध्ययनको लागि यस नगरपालिकाले विभिन्न संघ संस्थालाइ अनुरोध गर्ने र त्यस्ता संघ संस्था उपलब्ध नभएमा शिशु कक्षादेखि ±२ तह सम्मको अध्ययनको व्यवस्था यस नगरपालिकाले गर्ने निर्णय गरियो ।

**छ) वडाको विविध शिर्षकको खर्च सम्बन्धमा**

बजेट निर्माण हुँदा विभिन्न वडामा विविध शिर्षक राखिएको सो विविध शिर्षक पूँजिगत खर्च भएको तर कतिपय वडाहरूमा सो शिर्षकबाट प्रशासनिक तथा सहायता खर्चका बिलहरू आएकोमा सो पूजिगत बाहेक अन्य खर्च बेरूजु आउने हुनाले अब सो खर्च पूँजीगत (विकास निर्माण) मा मात्र खर्च गर्न वडा कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

**ज) लेखा परीक्षक नियुक्ति सम्बन्धमा**

विदुर नगरपालिका शिक्षा नियमावली २०७४ को नियम ८८ को १ मा व्यवस्था भए बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष नगर कार्यपालिकाबाट नियुक्त दर्तावाला लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने व्यवस्था भए बमोजिम प्राप्त १८ वटा स्वतन्त्र लेखा परिक्षक नियुक्ती गर्ने निर्णय गरियो ।

**झ) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना सम्बन्धमा**

उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाको हकमा नगरपालिकाबाट र उपभोक्ता श्रमदानबाट हुन आउने कुल रकम १५ लाख सम्मको योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

ञ) का.स को लागि बिज्ञापन सम्बन्धमा

यस नगरपालिका अन्तर्गत रहेको साहुँगाउ स्वास्थ्य चौकी, विदुर ७ मा रिक्त रहेको कार्यालय सहयोगी पदको लागि १ जना कर्मचारी करारमा नियूक्ती गर्न १५ दिने सूचना प्रकाशन गरी कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ट) तिरतिरे भिरको संरक्षण सम्बन्धमा

गल्छी-मैलुङ-स्यापफ्रुबेसी-रसुवागढी सडक योजना अन्तर्गत सडक निर्माण गर्दा विदुर १० तिरतिरेको भिरमा वर्षातको समयमा मानिसहरू आवतजावत गर्दा र भिर माथिको वस्तीमा समेत जोखिम परिस्थिति सिर्जना हुने देखिएकोले सो भिर संरक्षाणको लागि अविलम्ब काम सुचारू गर्नको लागि गल्छी-मैलुङ-स्यापफ्रुबेसी-रसुवागढी सडक योजनालाइ पत्राचार गर्ने निर्णय गरियो । साथै यदि काम तत्काल सुचारू नभएमा त्याहाँबाट उत्पन्न हुने क्षतिको जिम्मेवारी गल्छी-मैलुङ-स्यापफ्रुबेसी-रसुवागढी सडक योजना नै हुने व्यहोरा उक्त आयोजनालाइ जानकारी गराउने निर्णय गरियो ।

ठ) गंगटे आपघारी सडक सम्बन्धमा

गगंटे आपघारी सडक विगत आ.व. देखि नै निर्माणाधिन रहेको र विभिन्न ठाउँमा मेसिनरी पर्खाल लगाउन बाँकी रहेको कारण कालोपत्रे समेत गर्न नसकिएको हुँदा १२ औ नगरसभाबाट जम्मा रू ७५,००,०००। (अक्षेरूपी पचहत्तर लाख मात्र) विनियोजन गरेको हुँदा उक्त सडकलाइ ठेक्का प्रकृयामा लैजादा समय लाग्ने र सरोकारवालाहरूले उक्त सडक चाडै निर्माण गर्न माग गरेको र ठेक्का प्रकृयामा जादा यस आ.व.मा निर्माण कार्य पूरा गर्न नसकिने भएको हुँदा उक्त योजना उपभोक्ता समितिबाट गर्ने निर्णय गरियो ।

Scanned with CamScanner